फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**ख्वानीगाउँ, पर्वत**

**गण्डकी प्रदेश, नेपाल**

प.सं.: ०७७/७८

च.नं. :

**प्रेस विज्ञप्ति**

विश्वभर तीव्र रुपमा फैलीरहेको कोभिड-१९ को महामारीले यस जिल्लालाई पनि आक्रान्त पारीरहेको यस विषम् परिस्थितिमा हालै मात्र कोभिड-१९ को कारणबाट पर्वत जिल्लामा पनि एक जनाको मृत्यु भएको र समुदायस्तरमा थप सङ्क्रमितहरु देखिएकोले उच्च सतर्कता अपनाउनु पर्ने देखिन्छ। नजिकै आउदै गरेका बिजया दशमी, तिहार, छठ तथा नेपाल सम्वत् जस्ता चाडपर्वहरु परिवारसँगै मनाउने सन्दर्भमा उच्च सङ्क्रमण रहेका काठमाडौं लगायतका स्थानहरुबाट फलेवास नगर क्षेत्रमा समेत नागरिकहरु आउने क्रम जारी रहेकोले समुदायमा थप जोखिम बढेको छ।

कोभिड-१९ को सङ्क्रमणबाट जोगिन अन्य जिल्लाबाट आफ्नो समुदायमा आउने नागरिकहरुलाई अनिवार्य रुपमा एकान्तबास बस्न तथा बस्न लगाउन र फलेवास नगर कार्यपालिकाको निर्णयानुसार यस नगरपालिकाका वडा कार्यालय एवं टोल विकास समितिहरुबाट जोखिम न्यूनीकरणको लागि अपनाईएका उपायहरुमा पूर्ण सहयोग गर्दै स्वीकृत स्वास्थ्य मापदण्ड अनुरुप दुरी कायम गर्ने, भिडभाडमा नजाने, अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने, मास्क लगाउने, नियमित रुपमा साबुन पानीले हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने, चाडपर्वमा जमघट नहुने तथा भोज भतेर नगर्ने, नित्य पुजा बाहेक कोट तथा मन्दीरहरुमा दर्शन तथा पुजाआजा नगर्ने, घरमै बसी जहाँ छौ त्यही नै चाड पर्व मनाउने लगायतका स्वास्थ्य मापदण्डहरु अनिवार्य रुपमा पालन गर्न तथा यस विषम् परिस्थितिमा पूर्ण सजग भई एक आपसमा सहयोग र सहकार्य गर्दै आफु तथा आफ्नो समुदायलाई यस महामारीबाट जोगाउन सक्रिय भुमिका निर्वाह गर्नुहुन सम्पूर्ण नगरबासीहरुमा हार्दिक अपिल गर्दछौ।

मितिः २०७७।०७।०६

पदमपाणी शर्मा
नगर प्रमुख